प्रदेश प्रमुख

# नेपाल सरकार

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

**'सहकारीमा सुशासनः प्रविधि र एकीकरण'** भन्ने नारासहित आज मनाइँदै गरिएको ६७ औं राष्ट्रिय सहकारी दिवसको सुखद् अवसरमा समस्त सहकारी अभियन्ता एवम् यसमा संलग्न दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हाम्रो देशमा वि.सं.२०१३ सालमा बखानपुर ऋण सहकारी समिति स्थापित भएसंगै सहकारी अभियान सुरु भएको हो। समुदायमा छरिएर रहेको पुँजी र बैंकको पहुँच बाहिर रहेका विपन्न वर्गलाई समेटी उनीहरुको आर्थिक रुपान्तरणमा सहकारीहरुको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ। विशेषतः 'सबैका लागि एक र एकका लागि सबै' भन्ने मूल ध्येयका साथ शहरी तथा ग्रामीण दुवै क्षेत्रमा सहकारी अभियानले अहिले व्यापक तिब्रता पाएको छ। नागरिक सबलीकरणमा योगदान पुऱ्याइरहेको छ। तीव्र आर्थिक वृद्धि र दिगो विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत् उपलब्ध साधन एवं स्रोतको अधिकतम् परिचालन गर्ने कुरा संविधानमै उल्लेख गरी सहकारीलाई अर्थ नीतिको एक खम्बा मानिएको छ। अतः यसको विकास तथा निरन्तरताका लागि तीनै तहका सरकारको आवश्यक सहयोग र समुचित प्रबन्ध आवश्यक छ।

आफ्ना सदस्यहरुको बचत सुरक्षा गर्नु, सहकारीमा आइपरेका विभिन्न विकृतिको अन्त्य गर्नु र यसको मूल्य, मान्यता एवम् सिद्धान्त बमोजिम विश्वासिलो वित्तिय सारथीका रुपमा समाजमा स्थापित गराउनु सहरकारीको आफ्नै दायित्व हो। पछिल्लो समय केही विकृतिहरु देखा परेका छन्। यस्ता विकृति र विसंगतिहरुलाई नियन्त्रण गर्दै नीति, विधि एवम् पद्धति अनुसार सहकारी सञ्चालनका लागि यसमा संलग्न सबै पक्ष जिम्मेवार हुन अपरिहार्य छ। राष्ट्रिय सहकारी दिवसको यस दिनले सहकारी आन्दोलनलाई राष्ट्रउत्थानको आधारस्तम्भ बनाउन हामी सबैलाई अभिप्रेरित गरोस् भन्दै पुनः एक पटक सबैमा शुभकामना व्यक्त गर्दछु।

**२०८० साल चैत्र २० गते, मंगलबार ।**

**यादवचन्द्र शर्मा**

**प्रदेश प्रमुख**